# काठमाडौं महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बागदरबार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल

प.सं.:०७४।०७५
च.नं.: ८

मिति: २०७४।१०।२२

बिषय : तरकारीको बिउ बितरण सम्बन्धमा

श्री काठमाडौं महानगरपालिका
सबै वडा कार्यालयहरु

प्रस्तुत विषयमा दोश्रो चौमासिक अवधिमा तोकिएको लक्ष्यअनुसारको कार्यक्रमका लागि हालै सबै वडा कार्यालयहरुमा कार्यक्रम बजेट निकासा भएको छ । सोअन्तरगत तरकारी बिउ वितरण गर्न प्रथम चौमासिकको लागि पनि रु १५०००। र दोश्रो चौमासिकको लागि रु १५०००। गरी हाल सम्म प्रत्येक वडामा रु ३००००। निकासा भएको छ । लक्ष्य अनुसार १०० प्याकेट तरकारीको बीउ वितरण गर्न सबै वडामा विभिन्न ११ प्रकारका तरकारीका बीउहरु समाबेस भएका १०० प्याकेटका दरले वितरण गर्न प्रारम्भ टेक सोलुसन प्रा.लि. नागार्जुन काठमाडौंमार्फत पठाइने व्यवस्था मिलाइएको छ । तरकारीको बिउहरु प्राप्त भएपछि बील अनुसारको रकम भूक्तानी दिनु हुन र बिउ वितरणको भरपाई काठमाडौ महानगरपालिका कृषि विभागमा समेत पठाई सहयोग गर्नहुन अनुरोध गर्दछु । साथै कौशी तरकारी खेती विषयक तालिमका लागि सम्पर्क गरी तालिम सञ्चालन मिति, समय र स्थान ताकिने व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ ।

रामचन्द्र पौडेल
वरिष्ठ बाली संरक्षण अधिकृत
कृषि विभाग, का.म.पा.

बागदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२३१४८१ फ्याक्स : ९७७-१-४२६८५०९
E-mail: ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, website: www.kathmandu.gov.np